Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लिमिटेड
GROW WITH US

13539

Regd No. 1067/064/065

पत्र सं :IB/१०९/२०८३/०८४ चलानी नं.१८०४

मिति : २०८३/०६/०२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्च लिमिटेड,
सिहंदरबार प्लाजा, काठमाडौं ।

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाडौं

विषय : ग्लोबल आइएमई ब्यालेन्सड फण्ड-१ को इकाईधनी दर्ता किताब बन्द हुने सम्बन्धमा ।

महोदय,

उपरोक्त सन्दर्भमा यस कम्पनीको योजना व्यवस्थापनमा सञ्चालित ग्लोबल आइएमई ब्यालेन्सड फण्ड-१ को आर्थिक वर्ष २०८२/०८३ को मुनाफाबाट इकाईधनीहरुलाई १२ प्रतिशत (कर सहित) को दरले योजनाको प्रतिफल वितरण गर्ने प्रयोजनको लगि इकाईधनी दर्ता किताब यहि मिति २०८३ आश्विन १२ गते सोमबार एक दिनका लागि बन्द गरिने व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौ ।

साथै, सम्बन्धित इकाईधनीहरुमा इकाईधनी दर्ता किताब बन्द सम्बन्धी जानकारीका लागि यहि मिति २०८३/०६/०३ गतेको नयाँ पत्रिकामा प्रकाशित हुने सूचनाको प्रति यसै पत्रसाथ संलग्न गरि तहाँ पठाइएको व्यहोरा समेत अनुरोध गर्दछौ ।

भवदीय,

मन्दिप लुइटेल
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ
१ श्री कोष सुपरिवेक्षक, ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड १ ।
२ श्री कोष प्रवर्धक, ग्लोबल आइएमई बैक लिमीटेड, कमलादी काठमाडौं ।

Global IME MUTUAL FUND | *Nurturing Capital*

अन्तर्गत सञ्चालन हुने

## ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड–१ (Global IME Balanced Fund - I)

को

# आर्थिक वर्ष २०८२/०८३ को
# नगद लाभांश वितरण तथा इकाईधनी दर्ता किताब बन्द बारेको सूचना

योजना व्यवस्थापक ग्लोबल आइएमई क्यापिटल लिमिटेडको मिति २०८३/०५/२१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार ग्लोबल आइएमई म्युचुअल फण्ड अन्तर्गत सञ्चालित **ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड–१** योजनाको आर्थिक वर्ष २०८२/०८३ को मुनाफाबाट इकाईधनीहरुलाई **१२ (बाह्र) प्रतिशत (कर सहित)** का दरले नगद लाभांश वितरण गर्ने निर्णय गरिएको र सो प्रयोजनको लागि **मिति २०८३/०६/१२ गते सोमबार (एक दिन)** इकाईधनी दर्ता पुस्तिका बन्द (Book Close) रहने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

इकाईधनी दर्ता पुस्तिका बन्द भएको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)को प्रणालीमा कारोबार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधिभित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरुले मात्र नगद लाभांशको लागि योग्य हुने हुँदा सम्बन्धित सबै इकाईधनीहरु तथा खरिदकर्ताहरुले सोहि अनुसार इकाई नामसारी गर्न/गराउनु हुन अनुरोध गर्दछौं ।

साथै, आफ्नो इकाई धितो राखेका इकाईधनीहरुको हकमा नगद लाभांश प्राप्त गर्नका लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter पेश गरे पश्चात् मात्र उक्त नगद लाभांश वितरण गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

---

**नोट**: प्रचलित आय कर ऐन बमोजिम श्रोतमा कर कट्टी हुने र श्रोतमा कट्टी गरिएको करको विवरण दाखिला गर्दा भुक्तानी प्राप्त गर्ने व्यक्ति/संस्थाको स्थायी लेखा नम्बर (PAN) उल्लेख गर्नुपर्ने भएकोले सम्पूर्ण इकाईधनीहरुले आ-आफ्नो हितग्राही खातामा स्थायी लेखानम्बर (PAN) अद्यावधिक गराउनु हुन अनुरोध गरिन्छ ।

**योजना व्यवस्थापक/डिपोजिटरीः**

Global IME Capital Limited

**ग्लोबल आइएमई क्यापिटल लि.**

पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

मिति २०८३/०६/०३ गतेको नयाँपत्रिका दैनिकमा प्रकाशित।

Global IME Capital Limited Kathmandu, Nepal